# २ पुत्र येशू ख्रीष्ट

*<u>यस अध्यायका मूल पदहरू:</u>* मत्ती २४:३०, दानिएल ७:१३,१४, मत्ती ११:२७, लूका ५:१७-२६, यूहन्ना ८:५८, मत्ती २०:२८।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"मानिसको पुत्रले त अरूबाट सेवा पाउन् भनेर आएनन्। बरू उनी अरूको सेवा गर्न आएका हुन्। धेरै मानिसहरूलाई मुक्ति दिन आफ्नो जीवन दिन उनी आएका हुन्। पापले बन्धक बनाएका मानिसहरूलाई आफ्नो जीवनको मोल तिरेर स्वतन्त्र बनाउन आएक हुन्।" (मर्कूस १०:४५ रूपान्तरित)।**

**यस संसारमा करिब दुई वर्षसम्म काम गरेर देखाउनुभएपछि आफ्ना चेलाहरूलाई येशूले सोध्नुभयो:** "हैन, मानिसको पुत्रलाई अरू मानिसहरूले उनी को हो भनेर के भन्दछन्? (मत्ती १६:१३ रूपान्तरित)। जनमानसको धारणा येशूप्रति कस्तो थियो भनेर चेलाहरूले उहाँलाई भन्न गाऱ्हो थिएन किनकि विभिन्न मानिसहरूले उहाँको बारेमा गरेका चर्चाहरू तिनीहरूले सुनेका थिए। अरूले येशूको बारेमा के भन्छ सो जवाफ दिन गाऱ्हो नभएतापनि अर्को प्रश्नको जवाफ दिन त अत्यन्त कठिन थियो: "तिमीहरू आफैले उनको बारेमा के भन्छौ त?" (मत्ती १६:१५ रूपान्तरित)। त्यो त व्यक्तिगत प्रश्न थियो। येशूले आफ्नो अनुहारको बारेमा तिनीहरूलाई सोधेका थिएनन्। उहाँको जीवनको रहनसहनको बारेमा तिनीहरूको धारणा सोध्नुभएको थिएन। तर येशू साँच्चिकै को हुनुहुन्छ भन्ने प्रश्नको जवाफ ती चेलाहरूकै मुखबाट सुन्न चाहनुभएको थियो। प्रत्येक चेलाले येशूप्रतिको स्पष्ट धारणा प्रस्तुत गर्न उहाँले माग गर्नुभएको थियो। तिनीहरूले के विश्वास गर्छन् त्यसमा खडा हुन तिनीहरूको आवश्यकतालाई महशूस गर्दै त्यो हृदय खोतल्ने प्रश्न उहाँले तिनीहरूलाई सिधै सोध्नुभएको थियो।

ढिलो होस् वा चाँडो होस् यस संसारमा जन्मेका प्रत्येक मानव प्राणीले त्यही प्रश्नको जवाफ दिनुपर्ने हुन्छ। येशूको बारेमा विभिन्न धारणाहरू सुनेतापनि प्रत्येक मानिसले उहाँ को हुनुहुन्छ भन्ने निर्णायात्मक जवाफ दिनुपर्ने हुन्छ। अरूले के भन्छ र के विश्वास गर्छ

वा कुन् आस्थामा हिँड्छ त्यसको सरोकार हुनेछैन। हामीले जे जवाफ दिन्छौं त्यसले हामीले साचो रूपमा के विश्वास गर्छौं त्यसमा आधारित हुनुपर्दछ।

येशू आफैले आफ्नो बारेमा के भन्नुभयो र उहाँले के गर्नुभयो त्यसमा आधारित ज्ञानको मूल विषयवस्तु यस अध्यायमा अध्ययन गरिनेछ। यस अध्यायको हाम्रो लक्ष्य त्यही हुनेछ जुन् उहाँमाथि अगाध श्रद्धा राखेर पत्रुसले जस्तै हामी पनि त्यही जवाफ दिन सकौं। “तपाईं जीवित परमेश्वरको पुत्र ख्रीष्ट (मसीह) हुनुहुन्छ।" (द १६ रूपान्तरित)।

## १. मानिसको पुत्र (मत्ती २४:३०)

आफूलाई “मानिसको पुत्र" भनेर सम्बोधन गर्न येशू अत्यन्त रूचाउनुहुन्थ्यो। उहाँले आफ्नो कार्यकाल भरी अस्सी पटक भन्दा पनि बेसी आफूलाई मानिसको पुत्र भनेर सम्बोधन गर्नुभएको थियो। अरूहरूले उहाँलाई त्यसरी कहिलै पनि सम्बोधन गरेको पाइन्दैन। विशेष उद्देष्यले प्रेरित भएर येशूले आफूलाई विशेष रूपमा त्यसरी सम्बोधन गर्नु भएको थियो।

“मानिसको पुत्र" भन्ने सम्बोधन पुरानो करारमा साधारण रूपमा प्रचलित थियो। एउटा विशेष घट्नामा बाहेक त्यस सम्बोधनले मानिसको स्वभावलाई देखाएको थियो। येशूले आफूलाई यसरी सम्बोधन गर्नुभएको कारणले आफूमा पनि मानव स्वभाव छ भनेर देखाउन चाहनुभएको पाउँछौं।

येशू आदि मानव आदि परमेश्वर होइन तर पूरै मानिस हुनुहुन्थ्यो भनेर बाइबलले चित्रण गर्दछ। उहाँ बालक भएर जन्मनुभयो, उहाँ अरू बालक जस्तै हुर्कनुभयो, र उहाँका भाई बहिनीहरू थिए (मत्ती १३:५५,५६)। उहाँले अरू मानिसले जस्तै खाना खानुभयो (मत्ती ९:११), सुत्नुभयो (लूका ८:२३), थाक्नुभएको थियो (यूहन्ना ४:६) र अरू मानवप्राणी जस्तै भोकाउनुभएको थियो र तिर्खाउनुभएको थियो (मत्ती ४:२, यूहन्ना १९:२८)। उहाँले दुःख, कष्ट र दिग्दारीपनाको अनुभव गर्नुभएको थियो (मत्ती २६:३७)।

कतिपय मानिसहरूले उहाँ सर्वसाधारण जस्तै तिनीहरूसँग हिँडडुल गर्नुभएको अनुभव गरेका थिए। कतिपयलाई उहाँ तिनीहरूभन्दा कुनै असाधारण व्यक्ति भएको मानिस भनेर उहाँले आफ्नो जीवनकालमा तिनीहरूलाई पहिचान दिन सक्नुभएको थिएन (यूहन्ना ७:४६)। आफूहरूमध्ये एक हुन् भनेर मानिसहरूले उहाँलाई कुनै विशिष्ट रूपमा व्यवहार गरेका थिएनन्। उहाँको हँस्सी तिनीहरूले उडाएका थिए (लूका ८:५३), तिनीहरूले उहाँलाई घोर आलोचना गरेका थिए (मत्ती ११:१९), उहाँलाई तिनीहरूले जिस्क्याए र पिटे पनि (लूका २२:६३)। तत्कालिन इस्राएलमा येशू अरू जस्तै सर्वसाधारण मानिस थिए।

तर दुर्भाग्यबस ती मानिसहरूले येशूले आफूलाई सम्बोधन गर्नुभएको "मानिसको पुत्र"लाई अक्षरसभन्दा फरक भएको देख्न तिनीहरू असफल भएका थिए। मानव चोला लिएर हिँड्नुभयो भन्दैमा उहाँ हामी जस्तो नै मानिस त थिएन। दानिएल ७:१३,१४मा अगमवक्ता दानिएलले येशूको बारेमा यसरी दर्शन देखेका थिए "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। १४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।" यहूदीहरूले मानिसको पुत्रलाई ख्रीष्ट वा अभिषेक गरिएको मसीह हुन् भनेर मानेका थिए। त्यसकारण जब येशूले आफूलाई "मानिसको पुत्र" भनेर सम्बोधन गर्नुभयो तब उहाँ प्रतिज्ञा गरिएको मसीह वा ख्रीष्ट मानव चोला लिएर आउनुभएको हो भनेर पनि देखाउनुभएको थियो।

**माथि उल्लेखित दानिएलको दर्शनमा देखेका येशूको चित्रण मत्ती २४:३०, मत्ती २५:३१ र मत्ती २६:६४ले कसरी याद दिलाउँछन्?** **मत्ती २४:३० "तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्।"**

र मत्ती २५:३१ "“जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ।" र मत्ती २६:६४ “येशूले तिनलाई भन्नुभयो, “तपाईंले नै भनिहाल्नुभयो। तापनि म तपाईंहरूलाई भन्दछु, अब उप्रान्त तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्‌को दाहिने हातपट्टि बसेको, र आकाशको बादलमा आइरहेको देख्नुहुनेछ।"

येशू पूर्ण रूपमा मानव स्वभावै लिएर जन्मनुभएको थियो भनेर हामीले किन थाहा पाउनुपर्दछ? उहाँ पूरा मानव हुनुभएकोले हामीहरूको मुक्तिसँग कसरी सरोकार र सम्बन्ध राख्नुभएको छ? दिन दिनै हामी पाप, अधर्म, अन्याय र प्रलोभनहरूसँग संघर्ष गरिरहन्छौं। तर येशू मानिसको रूप लिएर आउनुभएको थियो भन्ने आत्मज्ञानले हामीहरूको दैनिक जीवन कसरी अर्थमूलक बन्न सकिन्छ?

## २. परमेश्वरको पुत्र (मत्ती ११:२७)

येशूलाई "परमेश्वरको पुत्र" भनेर सम्बोधन गर्ने प्रक्रिया गाब्रिएल स्वर्गदूतले सुरू गरिएका थिए र त्यसपछि अरू धेरै मानिसहरूले प्रयोग गरेका थिए (लूका १:३५, मत्ती १४:३३, मर्कूस १५:३९, यूहन्ना १:४९, यूहन्ना ११:२७ आदि)। येशूले आफूलाई परमेश्वरको पुत्र भनेर कहलाइएको स्वीकार गर्नुभएको थियो यद्यपि आफू परमेश्वरकै पुत्र हुन् भनेर दावी गर्दै हिंड्ने बानीदेखि उहाँ चनाखो हुनुभएको थियो किनभने मानिसहरूले उहाँलाई ढुङ्गाले हानेर नमारियोस् भन्ने उहाँको चाहना थियो। (कसैले आफू परमेश्वरको पुत्र भनेर दावी गर्दछ भने त्यसलाई ईश्वर निन्दाको रूपमा लिइन्थ्यो र सार्वजनिक रूपमै मृत्युको घन्टा आफूतिर बजाएको हुन्थ्यो। यथार्थमा यहूदी धर्ममा कुनै मानिसले आफू भगवान भन्ने धारणालाई मान्दैन)। तर येशू र परमेश्वर पिताको बीचमा विशेष सम्बन्ध थियो भनेर बाइबलले विभिन्न तरिकाहरूद्वारा देखाएको पाइन्छ।

बप्तिस्माको समयमा परमेश्वर पिताले येशूलाई आफ्नो प्रिय पुत्र भनेर सम्मान गर्नुभएको थियो (मत्ती ३:१७)। जब डाँडाँमा येशाको रूप परिवर्तन भएको थियो त्यसबेला पनि परमेश्वर पिताले उहाँलाई आफ्नो पुत्र भनेर सम्बोधन गर्नुभएको थियो। (मत्ती १७:५)।

परमेश्वर पिता र येशूपुत्रको बीचमा भएका पिता-पुत्रको सम्बन्ध अत्यन्त विशेष थियो। सारा जगतमा येशू बाहेक अरू कुनै जीव छैन जसले त्यो विशेष स्थान ओगटेको हुन्छ। उहाँ परमेश्वर पिताकै स्वभाव तथा चरित्र हुनुभएकोले त्यो स्थान उहाँको थियो। विश्वासीहरू भएको नाताले हामीहरूलाई पनि परमेश्वरका छोराछोरी भन्ने आदरणीय अवसर दिइएको छ। तर अहिले र सधैं येशू परमेश्वरको पुत्र भएर रहिरहनुहुनेछ।

**परमेश्वर पिता र पुत्र येशूको बीचमा सिद्ध तथा उत्कृष्ट सम्बन्ध थियो भनेर देहायका पदहरूले देखाएको हेर्नुहोस्ः मत्ती ११ः२७ "मेरा पिताले मलाई सबै कुरा जिम्मा दिनुभएको छ। पिताले बाहेक पुत्रलाई कसैले चिन्दैन र पुत्रले बाहेक पितालाई कसैले चिन्दैन। तर पुत्रले चिनाइदिएकाहरूले चाहिँ पितालाई चिन्दछन्।", यूहन्ना ३ः३५ "परमेश्वरले आफ्नो पुत्रलाई माया गर्नुहुन्छ र सबै कुरा उहाँकै हातमा राखिदिनुभएको छ।" र यूहन्ना १०ः३० "३० पिता र म एकै हौं।"**

येशू र परमेश्वर पिताको बीचमा भएको पूर्ण एकताको अर्थमा एकमा भएको ज्ञान अर्कोमा पनि पूर्णता प्राप्त भइरहेको छ भनेर देखाउँछ। उहाँहरूका चाहनाहरू, लक्ष्यहरू र उद्देष्यहरूमा एकता छ। तिनीहरूको स्वभाव पनि एकै हुन् भन्ने त्यसले देखाउँछ। याद गर्नुहोस्, पिता र पुत्र दुई व्यक्तित्वहरू हुन् ("म र पिता" भनेर सम्बोधन गरिएकोबाट महशूस गराउँछ) तर एउटै स्वभाव भएक हुन् ("एकै हौं" उहाँ भन्नुहुन्छ)। यस पृथ्वीमा परमेश्वरलाई पिता भनेर सम्बोधन गरेतापनि स्वर्गमा उहाँहरू यस संसारको जस्तो पुरुष वा स्त्रीको शारीरिक स्वरुपमा हुनुहुन्न।

येशू मानिसको चोला लिएर आउनुभयो। त्यसले गर्दा येशूले आफ्नै स्वइच्छाले आफ्न सबै अधिकारहरू परमेश्वर पितालाई सुम्पनु भएको थियो (फिलिप्पीयन २ः६-८)। येशू र पिता बराबरीमा हुनुहुन्छ। तर यस संसारमा मानव कल्याणको निम्ति येशूले आफूलाई होच्याउनुभएको थियो।

त्यस कुरालाई मध्ये नजरमा हालेर विचार गर्दा येशूले भन्नुभएको वचनलाई हामी बुझ्न सक्दछौंः "पुत्रले आफ्नै तरिकाले केही गर्दैन तर पिताले जे गर्नुहुन्छ सो हेरेर मात्र उनले आफ्नो काम गर्दछन्

(यूहन्ना ५:१९), "म आफखुशी केही गर्न सक्दिन....मलाई खुशी पार्न म केही पनि गर्दिंन। मलाई पठाउने उहाँलाई खुशी पार्नमात्र म काम गर्दछु।" (यूहन्ना ५:३० रूपान्तरित)। त्यस दृष्टिकोणलाई हेर्दा येशूले यो भन्नुभएको कुरा मनासिव देखिन्छ "मेरा पिता म भन्दा महान हुनुहुन्छ।" (यूहन्ना १४:२८ रूपान्तरित)।

**पूर्णरूपमा येशू परमेश्वर हुनुहुन्थ्यो र मानिस पनि हुनुहुन्थ्यो। यस अचम्मको सत्यताले स्वर्ग र पृथ्वीको बीचमा कस्तो घनिष्ठ सम्बन्ध रहेछ भनेर कसरी देखाउँछ? त्यस नजिकको सम्पर्कताले हामीलाई कस्तो सान्त्वना मिल्न सक्दछ?**

## ३. येशूको परमेश्वरीय स्वभाव वा चरित्रः भाग १ (लूका ५:१७-२६)

हामीहरूको आस्था वा विश्वासको आधार नैं येशू परमेश्वर हुनुहुन्छ भनेर स्वीकार्नु हो। यस संसारमा अरू मानिस जतिसुकै महान भएतापनि हामीहरूको उद्धारकर्ता वा मुक्तिदाता हुनसक्दैन। येशू परमेश्वर हुनुहुन्थ्यो भनेर प्रमाणित गरेको नयाँ नियमभरि हामी पाउँछौं। यस विषयमा येशू आफैले के सिकाउनुभएको थियो सो यस अंशमा नियाल्नेछौं।

आफू को हुन् भनेर पहिचान दिन येशूलाई सजिलै थियो। उहाँको विशेष लक्ष्यलाई जनसमझ ल्याउन आफू मसीह वा उद्धारकर्ता हो भनेर चिनाउन आवश्यक थियो। उहाँ मानव शरीर लिएर आउनुभएको परमेश्वर हुनुहुन्थ्यो। तर सार्वजनिक रूपमा उहाँले कहिल्यै पनि आफूलाई मसीह वा परमेश्वर हुँ भनेर घोषणा गर्नुभएको थिएन। यदि येशूले सार्वजनिक रूपमा त्यसरी दावी गर्नुभएको भए मानिसहरूले उहाँलाई तुरन्तै ढुङ्गाले हानेर मारीदिन्थे। त्यसकारण उहाँले आफू परमेश्वर हुनुहुन्छ भन्ने आभास मात्रै मानिसहरूलाई दिनुभएको थियो।

आफ्नो स्वभाव परमेश्वरकै हो भनेर विस्तारै विस्तारै येशूले मानिसहरूलाई देखाउनुभएको थियो। प्रायजसो उहाँका श्रोताहरूले उहाँले भन्नुभएको कुरा बुझेका थिए। तर उहाँ मसीह वा उद्धारकर्ता नै हुनुहुन्छ भनेर स्वीकार गर्नचाहिँ चाहेका थिएनन् किनभने मसीहको बारेमा तिनीहरूले सोचेका अनुसार येशू मिल्नुहुन्नथ्यो। यस मामिलामा तिनीहरूको प्रश्नले स्पष्ट पार्दछः “हैन, तपाईं कहिलेसम्म हामीलाई

अन्यौलमा राख्नुहुन्छ वा पर्खाउनुहुन्छ? यदि तपाईं ख्रीष्ट वा उद्धारकर्ता नैं हुनुहुन्छ भने हामीलाई स्पष्ट रूपमा भन्नुहोस्।" (यूहन्ना १०:२४ रूपान्तरित)। तर दुर्भाग्यबश तिनीहरूको जिज्ञासाले यो देखाउँछ कि तिनीहरूको प्रश्न इमान्दारीपूर्ण थिएन।

आफ्नो पितासँग भएको आफ्नो विशेष सम्बन्धलाई कसरी औंल्याउनुभएको थियो भनेर अगाडीको बुँदामा हामीले हेरेका थियौं। त्यसले उहाँको परमेश्वरिय स्वभाव वा चरित्रलाई देखाएको थियो। परमेश्वर उहाँको पिता हनुहुन्छ भनेर उहाँले सम्बोधन गर्दा उहाँले आफूलाई परमेश्वर सरह राख्नुभएको थियो भनेर धेरैले बुझेका थिए (यूहन्ना ५:१८)।

**खुलारूपमा नभन्नुभएतापनि उहाँ परमेश्वरकै स्वभावमा हुनुहुन्छ भनेर लूका ५:१७-२६मा कसरी देखाउँछ हेर्नुहोस्: "१७ एक दिन उहाँ शिक्षा दिइरहनुहुँदा गालील र यहूदियाको हरेक गाउँ र यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू नजिकै बसिरहेका थिए। परमप्रभुको निको पार्ने शक्ति उहाँसँग थियो। १८ मानिसहरूले एउटा पक्षाघाती मानिसलाई खाटमा ल्याए, र तिनीहरूले त्यसलाई भित्र ल्याउन र उहाँको अगाडि राखिदिन खोजे। १९ तर भीड़ले गर्दा त्यसलाई भित्र लैजाने केही बाटो नपाएर तिनीहरू छतमाथि चढ़े, र तिनीहरूले झिँगटी हटाएर त्यसलाई खाटैसमेत येशूको सामुन्ने ओरालिदिए। २० अनि उहाँले तिनीहरूको विश्वास देखेर भन्नुभयो, "ए मानिस, तिम्रा पाप क्षमा भयो।" २१ तब शास्त्रीहरू र फरिसीहरूले प्रश्न गर्न लागे, "ईश्वर-निन्दा गर्ने यो को हो? पाप त परमेश्वरले मात्र क्षमा गर्न सक्नुहुन्छ।" २२ तर येशूले तिनीहरूको प्रश्न थाहा पाएर तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "तिमीहरू आफ्ना हृदयमा किन प्रश्न गर्दछौ? २३ 'तिम्रा पाप क्षमा भयो' भन्नु कि 'उठेर हिँड़' भन्नु, कुनचाहिँ सजिलो छ? २४ तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भन्ने तिमीहरू जान।" त्यसपछि उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, उठ र आफ्नो खाट उठाएर घर जाऊ।" २५ अनि त्यो तुरुन्तै तिनीहरूकै सामुन्ने उठ्यो, र जुन खाटमा त्यो पड़िरहेको थियो सो उठाएर परमेश्वरको महिमा गर्दै त्यो आफ्नो घरतिर लाग्यो। २६ तब सबै जना**

**आश्चर्यमा परे, र तिनीहरूले परमेश्वरको महिमा गरे, र भयभीत भएर यसो भने, "आज हामीले अनौठा कुरा देख्यौं।"**

"रोगले ग्रष्त भएर खस्किरहेको शरीरलाई आरोग्य बनाउन सृजनात्मक शक्तिको आवश्यक थियो। जब ख्रीष्टले यस संसारको माटोबाट मानिसलाई सृष्टि गर्नुभयो तब उहाँको आवाजले त्यस मानिसलाई उठाउनुभएको थियो। त्यही आवाजले त्यस मरिरहेको पक्षघात मानिसलाई बोलेका थिए।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २६९,२७०बाट रूपान्तरित)।

परमेश्वरमा मात्र निहित भएको पापलाई क्षमा गर्ने अधिकार आफूमा पनि भएको येशूले खुलारूपमा दावी गर्नुभएको थियो। उहाँले यो पनि भन्नुभएको थियो कि आफ्नो यश्वसीमय महिमाको गद्दीमा आफू बस्नेछु (मत्ती २५:३१ रूपान्तरित)। सारा राष्ट्रलाई उहाँले न्याय गर्नुहुनेछ भनेर पनि उहाँले सुनाउनुभएको थियो। त्यस न्यायले प्रत्येक राष्ट्रको अनन्तको भविष्य निर्धारण गरिनेछ। उहाँले त्यस काम सम्पन्न गर्नुहुनेभएकोले उहाँमा परमेश्वरको अधिकार भएको उहाँले औँल्याउनुभएको थियो। उहाँको को हुनुहुन्छ भनेर दिने पहिचान त्यो भन्दा अरू कुन् प्रमाण हुनसक्छ र?

**येशूलाई सुन्ने कतिपय धर्मगुरूहरू उहाँप्रति कस्तो कठोर भएका थिए भनेर सोच्नुहोस्। ती पण्डितहरू मानिसहरूका आत्मिक संरक्षक रे! हामी पनि त्यस्तै खालका कठोर स्वभाव नहुन कसरी सजग हुनुपर्छ?**

## ४. ख्रीष्टमा भएको परमेश्वरको स्वभाव वा चरित्रः भाग २ (यूहन्ना ८:५८)

मृत्युमाथि जित्ने अधिकार जुन् परमेश्वरमा थियो त्यही अधिकार आफूमा पनि छ भनेर येशूले खुलारूपमा घोषणा गर्नुभएको थियो र त्यो अधिकार उहाँले देखाइ पनि दिनुभएको थियो। येशूले भन्नुभयो "पिताले मरेकोहरूलाई जिउँदो पार्नुहुन्छ र तिनीहरूलाई जीवन दिनुहुन्छ। त्यसरी नै जसलाई पुत्रले चाहना गर्छ त्यसलाई पनि उनले जीवन दिन्छ।" (यूहन्ना ५:२१ रूपान्तरित)। परमेश्वरले मात्र यो दावी सक्नुहुन्छ "पुनरुत्थान र जीवन मै हुँ।" (यूहन्ना ११:२५ रूपान्तरित)।

येशूको चरित्र वा स्वभाव परमेश्वरको जस्तै छ भन्ने अर्को स्पष्ट उदाहरण पनि छ। यस संसारमा जीवन हुनुभन्दा अगाडि उहाँसँग जीवन थियो। "पिताले उहाँलाई स्वर्गबाट पठाउनुभएकोले उहाँ यस धर्तीमा ओर्लनुभएको थियो।" (यूहन्ना ३:१३, ५:२३ रूपान्तरित)। यस संसारमा मानव अवतार लिनुभन्दा अघि नै उहाँ जीवित परमेश्वर हुनुहुन्थ्यो जसमा जीवन थियो "अब हे परमेश्वर पिता, तपाईं सँगसँगै मेरो महिमा पनि देखाउनुहोस् जुन् महिमा यस संसारको सृष्टि भन्दा अघि नै तपाईंसँगै थियो।" (यूहन्ना १७:५ रूपान्तरित)।

आफ्नो स्वभाव वा चरित्र परमेश्वर समान छ भनेर स्पष्टरूपमा व्यक्त गर्नुभएको धारणा येशूका अरू कथनहरूमा उत्कृष्ट कथन यूहन्ना ८:५८मा छ। त्यसलाई प्रस्थान ३:१३,१४सँग दाँज्नुहोस्। यूहन्ना ८:५८ " येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म छुँदैछु।" प्रस्थान ३:१३,१४ "तब परमेश्वरले मोशालाई भन्नुभयो, "म हुँ जो म हुँ।" फेरि उहाँले भन्नुभयो, "इस्राएलीहरूलाई तैंले यसो भन्नू, " 'म हुँ" भन्नेले तिमीहरूकहाँ मलाई पठाउनुभएको हो'।" १५ परमेश्वरले मोशालाई यो पनि भन्नुभयो, "इस्राएलीहरूलाई भन्, 'परमप्रभु, तिमीहरूका पिता-पुर्खाका परमेश्वर, अर्थात् अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वरले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो'। मेरो नाउँ सदा यही रहनेछ, र सबै पुस्तासम्म मेरो नाउँको सम्झना यही हुनेछ।"

अब्राहम जीवित भएका थिए (ग्रीक वा यूनानी शव्द **ginomai** जिनोमेइलाई "थियो" भनेर यहाँ अनुवाद गरिएको छ)। तर येशूसँग जीवन सदासर्वदा थियो। यहूदीहरूका पुर्खा अब्राहम जन्मनुभन्दा पहिले येशू हुनुहुन्थ्यो। "म छु" भन्ने शब्दले उहाँमा भएको निरन्तर जीवन देखाउँछ। "म हुँ वा छु" भन्ने मानपदवी परमेश्वर येह्वे आफैको हो (प्रस्थान ३:१४)। येशूलाई सुन्ने अगुवाहरूले उहाँको दावीलाई स्पष्ट रूपमा बुझेका थिए। जब जब जलिरहेको झाङ्गमा मोशाकहाँ परमेश्वर देखापर्नुभयो तब उहाँले आफ्नो नाउँलाई "म हुँ" भनेर चिनाइदिनुभएको थियो। तर यस्तो दावी येशूले गर्नु परमेश्वरको विरुद्धमा सरासर बोल्नु हो र उहाँलाई ईश्वर निन्दाको अभियोग लगाएर मार्नुपर्छ भन्ने धार्मिक

अगुवाहरूको निश्कर्ष थियो। त्यसकारण तिनीहरूले ढुङ्गा लिएर उहाँलाई हान्न खोजेका थिए (यूहन्ना ८:५९ रूपान्तरित)।

परमेश्वरले मात्र पाउनुपर्ने आराधना वा उपासना येशूले पनि अरूबाट हृदयदेखि स्वीकार्नुभएको थियो। परमेश्वरमात्र मानिसको पूजाआजा वा आराधनाको योग्य हुनुहुन्छ भनेर येशूलाई स्पष्टै थाहा थियो। उहाँले शैतानलाई भन्नुभएको थियो “यसरी लेखिएको छ “तिमीले तिम्रो परमेश्वरको मात्र पूजा गर्नु, र उहाँलाई मात्र सेवा गर्नु" (मत्ती ४:१० रूपान्तरित)। त्यसकारण जब अरूले उहाँलाई ढोगे र उहाँले त्यसलाई स्वीकार गरे तब उहाँले आफू पनि परमेश्वरसरह छ भनेर देखाउनुभएको थियो। परमेश्वरमा जे गुण छ त्यही गुण उहाँमा पनि छ भनेर उहाँले चिनाउनुभएको थियो। येशूले अरूको सार्वजनिकरूपमा अरूका उपासना ग्रहण गर्नुभएको केही ज्वलन्त उदाहरणहरू यस प्रकार छन्: समुद्रमा चेलाहरूले उहाँलाई ढोगेका थिए (मत्ती १४:१७), अन्धो मानिसलाई उहाँले निको पार्नुहुँदा उसले उहाँलाई ढोगेका थियो (यूहन्ना ९:३८), येशूको पुनरुत्थान भएपछि महिलाहरूले उहाँलाई ढोगेका थिए (मत्ती २८:९) र गालिलीमा चेलाहरूले उहाँलाई ढोगेका थिए (मत्ती २८:१७)। उहाँमा परमेश्वरको स्वभाव वा चरित्र छ भनेर पहिचान गरेर नै तिनीहरूले उहाँलाई ढोगेका थिए। थोमासले येशूलाई यसरी सम्बोधन गरेका थिए “मेरा प्रभु र मेरा परमेश्वर।" (यूहन्ना २०:२८ रूपान्तरित)। यदि येशू परमेश्वर होइन भनेर जानेको भए कुनै पनि यहूदीले त्यस समयमा कसैलाई ढोग्दैनथ्यो। तर थोमास यहूदी भएतापनि येशू परमेश्वर नै हुनुहुन्छ भनेर स्वीकार गरेर नै उहाँलाई ढोगेका थिए।

यूहन्ना २०:२९मा के छ जसले तपाईंले नदेखेतापनि तपाईंले विश्वास गर्नुहुन्छ भनेर देखाउँछ? तपाईंको विश्वास र आस्था येशूमा कस्तो छ भनेर त्यसको जवाफले कसरी देखाउँछ? हेर्नुहोस् यूहन्ना २०:२९ “येशूले तिनलाई भन्नुभयो, “तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्।"

## ५. यस संसारमा येशू आउनुको लक्ष्य (यूहन्ना १०:११)

येशू को हुनुहुन्छ भनेर हामीले अध्ययन गर्‍यौं। त्यसले गर्दा अब हामी यस संसारमा उहाँ हाम्रो निम्ति के गर्न आउनुभयो सो बुझ्न अझ वढि सक्षम् भएका छौं।

परमेश्वरको चरित्र वा स्वभावको खिलाफमा शैतानले अभियोग लगाएको थियो। परमेश्वरको असली चरित्रलाई देखाउन र शैतानको अभियोगको पर्दाफास गर्न येशू यस संसारमा आउनुभएको थियो। त्री-एक परमेश्वरको बारेमा मानिसहरूको विभिन्न गलत धारणाहरूलाई स्पष्ट पार्न पनि उहाँ आउनुभएको थियो। परमपिता परमेश्वरलाई हामीले राम्ररी चिनुन् भन्ने येशूको चाहना हो किनभने हामीले अनन्त जीवन पाउनको निम्ति त्यो आत्मज्ञान अत्यन्त महत्त्वपूर्ण र आवश्यक छ (यूहन्ना १७:३)।

तर मुक्ति पाउन केवल आत्मज्ञानमात्र पर्याप्त छैन। कोही मानिस आत्मज्ञान वा धर्मको ज्ञानको भन्दार भयो भन्दैमा उसले मुक्ति पाउँछ वा मोक्ष मिल्छ भन्ने छैन।

हामीलाई परमेश्वरबाट मुक्तिदाता उपलब्ध गराउनु आवश्यक छ। अनि येशूको अर्थ नै मुक्तिदाता वा उद्धारकर्ता होः "यह्वे मेरो उद्धारकर्ता हुनुहुन्छ (मत्ती १:२१)। यस संसारमा आफू आउनुभएको उद्देष्य येशूले स्पष्ट रूपमा यसरी भन्नुभएको छः "हराएका मानिसहरूलाई खोज्न र उद्धार गर्न मानिसको पुत्र आएको हो।" (लूका १९:१० रूपान्तरित)। मानव जगतले परमेश्वरसँग राख्नुपर्ने सुमधुर सम्बन्ध अदनको बगैंचामा गुमाएको थियो, मानिसहरू पवित्र र चोखो भएर बस्ने स्वभाव गुमाएको थियो, आनन्दमय घर र अनन्त जीवन पनि मानिसले गुमाएको थियो। मानव जगतले गुमाएका सबै थोक फेरि फिर्ता गराउन येशू आउनुभएको थियो। परमेश्वर पितासँग उहाँले हामीलाई सम्पर्क गराउनुभयो (यूहन्ना १:५१), परमेश्वरबाट टाढा राख्ने मानिसको पापलाई उहाँले क्षमा गर्नु हुन्छ (मत्ती २६:१८)। यस संसारमा अर्थमूलक जीवन कसरी जीउने भनेर उहाँले आफ्नो उदाहरणबाट प्रस्तुत गर्नुभएको थियो (१ पत्रुस २:२१)। र उहाँले हामीलाई अनन्त जीवन दिनुहुन्छ (यूहन्ना ३:१६)।

देहायका पदहरूले यस संसारमा येशू आउनुभएको उद्देष्यलाई उहाँले कसरी वाख्या गर्नुहुन्छ, हेर्नुहोस्?ः यूहन्ना १०ः११ "म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ।" र मत्ती २०ः२८ "मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।"

येशू क्रुसमा किन मर्नुपर्‍यो? किनभने उहाँले स्वइच्छाले हामी मर्नुपर्ने ठाउँमा उहाँ मर्नुभयो र हामीहरूको पापको सजायँ भोग्न राजी हुनुहुनुभयो। सम्पूर्ण मानव प्राणी पापी हो (रोमी ३ः१०-१२)। त्यसले गर्दा हामी अनन्त मृत्युको भागिदार हुन पुगेका छौं (रोमी ६ः२३)। हामीहरूको अनन्त जीवनको मोल यति धेरै छ कि केवल परमेश्वरको पुत्रको जीवनले मात्र त्यसलाई चुक्ता गर्नसक्दछ।

"परमेश्वरको दश आज्ञा तोडिएकोले पापीले आफ्नो आफ्नो जीवन दिन आवश्यक थियो। हामीहरूलाई पापको मोल तिरेर परमेश्वरको आफ्नो फेरि बनाउन सारा जगतमा केवल एक जनामात्र व्यक्तित्व हुनुहुन्थ्यो। परमेश्वरका दश आज्ञाहरू परमेश्वर जस्तै पवित्र भएको हुनाले परमेश्वर सरहकोले मात्र हामीहरूको पापको मोल तिर्न सक्थ्यो। पतित मानिसले पाएको व्यवस्थाको श्रापबाट उम्काउन ख्रीष्ट बाहेक अरू कसैले सक्दैनथ्यो। मानिसहरूलाई स्वर्गसँग फेरि शान्ति सम्झौता गराउन उहाँ बाहेक अरू कोही सक्षम् थिएन।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ६३बाट रूपान्तरित।

भविष्यको अन्त र अहिले भएका संसारको सबै थोकहरूलाई तपाईंले हेर्नुहोस्। यदि हामीहरूको अस्तित्व केवल चिता वा चिहानमा मात्र निहित भएको भए यस संसारमा जिउनुको अर्थ के छ? परमेश्वरले तर्जुमा गर्नुभएको मुक्तिको योजनाबिना हामीहरूको जीवनको केही पनि महत्त्व छैन। त्यसलाई मध्ये नजरमा राखेर सोच्दा ख्रीष्टद्वारा परमेश्वरले हामीलाई के गर्नुभयो सो प्रति के हामी कृतज्ञ हुनुपर्दैन र?

## उपसंहारः

थप जानकारीको लागि एलेन जी ह्वाइटद्वारा लिखित द एसडिए बाइबल कमेन्टरी, ठेली ५को पृ. ११२६-११२८को लेख "डिभाइन-ह्युमान सेभियोर" पढ्नुहोस्।

"यस संसारमा मानव चोला लिएर आउनुहुँदा येशू मानिसै हुनुभएको थियो भनेर परमेश्‍वरको वचन बाइबलले बताउँदछ। तर यस संसारमा उहाँ आउनुभन्दा अघि उहाँको जीवनको बारेमा पनि स्पष्ट धारणा बाइबलले उल्लेख गरेको छ। वचन (येशू) परमेश्‍वरै भएर परमेश्‍वरसँग रहनुभएको थियो। परमेश्‍वरको अनन्त पुत्र भएर पितासँग एक भएर मिल्नुभएको थियो।....सारा संसार उहाँले नै सृष्टि गर्नुभएको थियो। उहाँबिना कुनै थोकको पनि अस्तित्व भएन (यूहन्ना १:३ रूपान्तरित)। यदि सबै थोक ख्रीष्टले सृजनुभएको हो भने सबै थोकको सृष्टि गर्नुभन्दा उहाँ जीवित हुनुहुन्थ्यो। यस विषयमा जुन् वचनहरू लेखेका यस्तो स्पष्ट छ कि कोही मानिसले पनि त्यसबारे शङ्का गर्ने आवश्यक छैन। अत्यन्त महान् अर्थमा ख्रीष्ट परमेश्‍वर हुनुहुन्थ्यो। अनन्त समयदेखि उहाँ परमेश्‍वरसँग हुनुहुन्थ्यो, सारा जगतमा उहाँ परमेश्‍वर हुनुहुन्थ्यो। स्वर्गबाट आउनुभएको परमेश्‍वरको पुत्र प्रभु येशू ख्रीष्ट अनन्त समयदेखि अलग र विशेष व्यक्तित्व हुनुहुन्थ्यो भने उहाँ परमेश्‍वर पितासँग एक हुनुहुन्थ्यो।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजज्, बुक १, पृ. २४७बाट रूपान्तरित।

"ख्रीष्टमा भएको जीवन विशेष र कसैसँग सापटी नलिएको आफ्नै प्रकारको थियो। जो मानिस पुत्रमा छ त्यो मानिसमा जीवन छ (१ यूहन्ना ५:१२)। ख्रीष्टमा भएको परमेश्‍वरको स्वभाव वा चरित्र नै विश्‍वासीहरूको निम्ति अनन्त जीवन हो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ५३१बाट रूपान्तरित।

## चिन्तनमननः

येशू पवित्र परमेश्‍वर हुनुहुन्छ भनेर शैतानका आत्माहरूलाई थाहा थियो र स्वीकार पनि गरेको थियो (मर्कूस १:२४ रूपान्तरित)। उहाँ "परमेश्‍वरको पुत्र" (मर्कूस ३:११), "महान् उच्च परमेश्‍वरको पुत्र" (मर्कूस ५:७ रूपान्तरित) हुनुहुन्थ्यो भनेर ती दुष्ट आत्माहरूले

सार्वजनिक रूपमै स्वीकार गरेका थिए। यस सन्दर्भमा याकूब २:१९ पनि पढ्नुहोस्। तर उहाँ को हुनुहुन्छ भनेर स्वीकार्‍यो भन्दैमा हामीहरूको अनन्त जीवनको निम्ति किन पर्याप्त छैन। येशूलाई मान्ने तर उहाँको कुरालाई नमान्ने जस्ता धरापमा नपर्न र केवल बौद्धिक स्तरमा मात्र उहाँलाई मान्ने मनोवृत्तबाट हामी कसरी उम्कने?

येशू ख्रीष्ट क्रुसमा टाँगिनुहुँदा रोमी सिपाहीँको हाकिमले भनेका थिए "साँच्चीनै यो मानिस परमेश्वरको पुत्र रहेछ।" (मर्कूस १५:३९)। येश को हो भनेर चिन्न एकदम असली ठाउँ क्रुसको फेदमै हो। तपाईं कति पल्ट त्यहाँ गइरहनुभएको छ? सबभन्दा पछि पल्ट तपाईं त्यहाँ कहिले जानुभएको थियो? तपाईंको मुक्तिको निम्ति येशूले गर्नुभएको असिमित त्याग र बलिदानको बारेमा एक छिन तपाईं किन ध्यान नगर्ने?

मसीहको बारेमा गलत सोच भएकै कारणले तत्कालिन इस्राएलका धेरैजसो मानिसहरूले उहाँलाई ग्रहण गर्न अस्वीकार गरेका थिए। अहिले पनि येशूको बारेमा गलत धारणा भएकोले धेरै जसोले आफ्नो जीवन उहाँमा सुम्पन्न राजी छैन। येशू को हुनुहुन्छ भनेर अरूलाई पहिचान गराउन हामी के गर्न सक्छौं? हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले अरू मानिसहरूलाई येशूको बारेमा स्पष्ट धारणा कसरी छर्लङ्ग पार्ने?